आज मिति २०८० साल पौष ०३ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा बसेको आ.व २०८०/८१ को छैटौ बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | नरेन्द्रराज घिमिरे | लेखा अधिकृत | |
| २ | विवेक कुमार पण्डित | अमिन (नापी) | |
| ३ | | | |
| ४ | | | |

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## नगर-कार्यपालिकाको मिति २०८०/०९/०३ गतेको आ.व २०८०/८१ को छैटौ बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८०/०८/०५ गते बसेको आ.व २०८०/८१ को पाचौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १६ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

आ.व २०८०/८१ को नगरसभाको तेह्रौ अधिवेशन संचालनको लागि मिति २०८०/०९/२९, दिनको ११ बजे नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौको च.नं ४६७ मिति २०८०।०८।०१ गतेको पत्र अनुसार आ.व २०८०/८१ को लागि रु ७०,००,०००। वजेट विनियोजन भई आएकोमा नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने कुल लागतको ३० प्रतिशत रकमले हुन आउने रकम रु ३०,००,०००। अन्य अनुदानबाट संचालित योजनामा साझेदारी शीर्षकबाट विनियोजन गरी रु १,००,००,०००। बाट **मातृभूमि क्याम्पस-सुन्दरबजार अस्पताल हुदै रमाईलो मस्याङ्दी पर्यटन केन्द्र** जोड्ने सडक मर्मत तथा स्तरोन्नती गर्ने र सहमती तथा रकम निकासाको लागि सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गतेको सूचना अनुसार आ.व २०८१।८२ मा कार्यान्वयन हुने समपुरक योजनाको लागि प्रस्ताव माग गरेकोमा तपशिल अनुसारको योजना कुल लागतको नियमानुसार वा सो भन्दा बढी रकम नगरपालिकाले व्यहोर्ने गरी समपूरक अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. बरेटार तेह्रमुरे चौतारा सालीमर्‍याङ खोला हुँदै पहिरे जोड्ने सडक कालोपत्रे/ढलान (सु.न.पा ६, ७, ९)
२. फेदीकुना कुसुमपानी चण्डीकोट जाने सडक कालोपत्रे/ढलान (सु.न.पा ६, ८)
३. सु.न.पा ८ भारति सदन लिङ्गे डाँडा हुँदै रामदी पेट्रोल पम्प सडक (क्रमागत)

**निर्णय नं ५**

राष्ट्रिय योजना आयोगको मिति २०८०।०८।३० गतेको सूचना अनुसार आ.व २०८१।८२ मा कार्यान्वयन हुने विशेष अनुदानका योजनाको लागि प्रस्ताव माग गरेकोमा तपशिल अनुसार योजना/कार्यक्रम राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. सुन्दरबजार नगरपालिका भित्र खाद्य सुरक्षा तथा पोषणमा सुधार परियोजना
२. फोहोरमैला प्रशोधन केन्द्र
३. श्री शान्ती शिर्जना प्रा.वि शैक्षिक सुधार (सु.न.पा ४)

निर्णय नं. ६

गण्डकी प्रदेश सरकारको आ.व २०८१।८२ मा कार्यान्वयन हुने विशेष योजनाको लागि तपशिल अनुसारको योजना विशेष अनुदान मार्फत संचालन हुने गरी योजना माग गर्ने निर्णय गरियो ।

तपशिल

१. सिन्दुरे खानेपानी योजना एक घर एक धारा (सु.न.पा ११)
२. शैक्षिक सुधार श्री पाणिनी सँस्कृत गुरुकुल आश्रम व्यवस्थापन (सु.न.पा ३)
३. शैक्षिक सुधार श्री कान्ति मन्दिर मा.वि (सु.न.पा २)

निर्णय नं. ७

गण्डकी प्रदेश सरकारको आ.व २०८१।८२ मा कार्यान्वयन हुने समपुरक योजनाको लागि तपशिल अनुसारको योजना समपुरक अनुदान अन्तर्गत कुल लागतको नियमानुसार वा सो भन्दा बढी रकम नगरपालिकाले व्यहोर्ने गरि पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. कोइरालाफाँट भागीरथी भञ्ज्याङ सिर्वानीफेदी (सु.न.पा १, १०)
२. फेदीकुना ऐसेलुचौर चण्डीकोट जाने सडक निमार्ण (सु.न.पा ६)(क्रमागत)
३. साँघुटार देउराली पाँउदी खोला हुँदै मध्यपहाडी (सु.न.पा २, ४)

निर्णय नं ८

आ.व २०८०/८१ को वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत फोहोर व्यवस्थापन तथा प्रशोधन केन्द्र निर्माणका लागी रु १ करोड विनियोजन भएकोमा मिति २०८०/०८/०४ गते बसेको आ.व २०८०/८१ को पाँचौ कार्यपालिका बैठकको निर्णय अनुसार सो रकम मध्येबाट रु ३५ लाखबाट ल्याण्डफिल साइट सम्म पहुँच मार्ग, ट्रान्सफर्मर लगायत अन्य पूर्वाधार निर्माण/खरिद गर्ने निर्णय भएकोमा ल्याण्डफिल्ड व्यवस्थापन तथा पहुँच मार्ग निर्माणका लागि बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं ९

मिति २०८०/०८/१० गते प्रकाशित नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्रीको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना अनुसार बोलपत्र दाखिला हुन नआएका घाटहरुको लागि १५ दिने अनलाईन बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो । साथै आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी गण्डकी प्रदेश सरकारको दर बमोजिम नदीजन्य पदार्थको दररेट कायम गर्ने निर्णय गरियो ।

निर्णय नं १०

पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजना कार्यालयको च.नं ४१४ मिति २०७९/०९/२२ गतेको पत्र अनुसार सुन्दरबजार किरिञ्चे सडकखण्डको स्वीकृत डि.पि.आर बमोजिम सडकको चौडाई करिब १२ मिटर रहने प्रावधानलाई अनुमोदन गर्ने र जनप्रतिनिधि, स्थानीयवासी सँगको समन्वयमा सडक निर्माण प्रक्रियामा सहजीकरण गर्ने निर्णय गरियो । साथै सो सडक आसपासमा निर्माण हुने घरहरुको नक्सा पास गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं ११**

आ.व २०८१/०८२ श्रावण देखी मालपोत/नापी कार्यालबाट जग्गा रजिष्ट्रेशन/नामसारी लगायतका कार्यको लागि जग्गा वर्गीकरण अनिवार्य गरेकोले परामर्शदाता छनौट गरी सुन्दरबजार नगरपालिका भित्रका जग्गा वर्गिकरणका लागि प्राविधिक/आर्थिक प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

सडक बोर्ड नेपालको वार्षिक स्विकृत कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत Upgrading and Maintenance of road from seudibar-campus gate-tallo bazar-sainik tole to manachauka bridge (EGP/NCB/SB/RSM/079/080/07) निर्माणका लागि अनलाइन ठेक्का प्रणालीमा सूचना प्रकाशन भई मिति २०८०/०५/१० गते M/S Manokamana Gurung Nirman Sewa, Abhukhaireni, Tanahu Nepal सँग रु ५८ लाख २९ हजार ५ सय ६१ रुपैंया २५ पैसामा सम्झौता भएकोमा सो सुन्दरबजार नगरपालिकाको स्थानीय खरिद नियमावली-२०८०को नियम १२७ उपनियम १ (ख) बमोजिम सो सडकखण्डमा थप निर्माण कार्य गर्नको लागि १२.८५ प्रतिशतले हुन आउने रु ७ लाख ४९ हजार ३ सय २७ रुपैंया ३३ पैसा मात्र भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

सु.न.पा ७ स्थित बहुउद्वेशिय सिटी हल निर्माण स्थलमा रहेका जिर्ण भवन भत्काउने तथा सुकुम्बासी व्यवस्थापन गरी साईट क्लियरेन्स, जग्गा छुट्याउने, पर्खाल निर्माण कार्य बोलपत्र मार्फत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १४**

आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार शशर्त अनुदान तर्फको साना सिँचाई निर्माण कार्यक्रम (वडा नं २) उपभोक्ता समिति मार्फत संचालन निर्णय गरियो ।

**प्रस्ताव नं १५**

**स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याकंन कार्यविधि, २०७७** अनुसार स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याकंनको नतिजा पौष मसान्त भित्र जिल्ला समन्वय समितिको षृष्ठपोषण समेत समावेश गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था भए अनुसार आ.व २०७९/८० को स्वमूल्याकंनको नतिजा पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं १६**

सुन्दरबजार नगरपालिकाको मिति २०८०/०६/१५ गतेको प्रथम पटक प्रकाशित सूचना र मिति २०८०/०७/०२ गतेको दोस्रो पटक प्रकाशित मेलमिलापकर्ता सूचिकृत सम्बन्धी सूचना अनुसार निवेदन पेश गरेका निवेदकहरुलाई तालिम दिने र वडामा मेलमिलाप केन्द्र स्थापना गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १७**

सुन्दरबजार अस्पातालमा विरामीको चाप र दक्ष जनशक्ति अभावको कारण सेवा प्रवाहमा परेको कठिनाईलाई मध्यनजर गर्दै लोक सेवाबाट पदपूर्ति नभएसम्मको लागि एक जना मेडीकल अधिकृत र एक जना हे.अ करार सेवामा दिनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

सुन्दरबजार नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सामुहीक दुर्घटना बिमा निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं १९**

सु.न.पा वडा नं ३ मा आयुर्वेदको साप्ताहिक कार्यालय स्थापना निर्णय गरियो ।

**निर्णय नं २०**

नमूना सामूदायिक अस्पताल विकास समितिको च.नं ३७ मिति २०८०/०८/२८ गतेको निवेदन अनुसार तिल गंगा आँखा अस्पताल, काठमाण्डौ संग सहकार्य गरी अस्पतालमा आँखा उपचार केन्द्र स्थापनाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं २१**

लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ आई नेपाललाई तेस्रो क्याबिनेट बैठक संचालनको लागि रु ५० हजार र त्रिवेणी युथ क्लब बेशिसहरलाई त्रिवेणी कप फुटबल प्रतियोगिता संचालनको लागि रु ५० हजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं २२**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखाको मिति २०८०/०८/२३ गतेको सूचना अनुसार आ.व २०८०/०८१ का लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि सुन्दरबजार नगरपालिकाको डिजिटल गभर्मेन्स परियोजना सम्बन्धी अवधारणापत्र पेश गर्ने र उक्त परियोजनाको कुल लागतको ३० प्रतिशत सम्मको रकम नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं २३**

निर्माणाधिन पुष्पलाल मध्यपहाडी राजमार्ग अन्तर्गत सुन्दरबजार किरिञ्चे सडकखण्ड मध्ये तपशिल अनुसारको सडकहरु कालोपत्रे/ढलानको लागि पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजना कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

१. सु.न.पा ६ स्वारा चौतारा देखी नमूना सामुदायिक अस्पताल सम्म ।
२. सु.न.पा ७ मातृभूमी क्याम्पस चोक देखी सुन्दरबजार अस्पताल सम्म ।
३. सु.न.पा ७ मातृभूमी क्याम्पस चोक देखी मातृभूमी क्याम्पस सम्म ।
४. सु.न.पा ६ ठाँटीचौर देखी नगरपालिका कार्यालय सम्म ।
५. सु.न.पा ६ खत्रीठाँटी देखी पाँउदी खोला सम्म ।